सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय

बबरमहल, काठमाण्डौ
फोन: ०१-४२६८७५०
फ्याक्स: ०१-४२४८२५१
Web: www.supremecout.gov.n
Email: jed@supremecourt.gov.

प. सं. ०७०।७१
च. नं. १८८९

मिति : २०७१।०३।१५

श्री ...रौतह... जिल्ला अदालत

विषय : **निर्णय कार्यान्वयन सम्बन्धमा ।**

उपरोक्त विषयमा माननीय जिल्ला न्यायाधीश ज्यूलाई सम्बोधन गरी लेखीएको च.नं. १५७० मिति २०७०।१०।३ को पत्र प्राप्त भई व्यहोरा अवगत भएकै छ । तत्सम्बन्धमा केन्द्रीय न्याय क्षेत्र समन्वय समितिको मिति २०७०।९।२१ गतेको निर्णय अनुसार असूल उपर हुन बाँकी दण्ड जरिवानाको लगत सम्वन्धित निकायहरुमा उपलब्ध गराउन दण्ड जरिवाना लागेका व्यक्तिको विवरण प्रविष्ट गर्ने गरिएको सफ्टवेयरमा विवरण अद्यावधिक गर्ने कार्य केही जिल्लामा अझै बाँकी रहेको र केही जिल्लाहरुमा अद्यावधिक गर्न नसकिएको भन्ने बुझिएको हुँदा उल्लेखित निर्णय प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसकिएको देखीएकोले आगामी २०७१ साल श्रावण १ गते देखि कैद तथा दण्ड जरिवाना बाँकी रहेका व्यक्तिहरुलाई राज्यबाट प्रदान गरिने सेवा सुविधा रोक्का गरी बाँकी कैद तथा दण्ड जरिवाना असूलीमा प्रभावकारीता ल्याउने प्रयास भैरहेको हुँदा हालसम्मको विवरण अद्यावधिक गर्ने तर्फ पूर्व परिपत्र अनुरुप तदारुकताका साथ कार्य सम्पन्न गरी भए गरेको व्यहोराको जानकारी २०७१ साल असार मसान्त भित्र यस निर्देशनालयमा पठाउनु हुन अनुरोध छ ।

उदय राज पौडेल
निर्देशक
**निर्देशक**

**बोधार्थ :**

श्रीमान् रजिष्ट्रार ज्यू,
सर्वोच्च अदालत, काठमाण्डौं ।
श्री पुनरावेदन अदालत हेटौडा ।
(कार्य सम्पादन परीक्षण एकाई)

.....................

६८